# आन्तरिक हवाई भाडा नियमन निर्देशिका, २०७३

## नेपाल नागरिक उड्डयन प्राधिकरण

### प्रधान कार्यालय

बबरमहल, काठमाडौं

(संचालक समितिबाट स्विकृत मितिः २०७३।४।२)

नेपाल नागरिक उड्डयन प्राधिकरण

# हवाई भाडा नियमन सम्बन्धी निर्देशिका, २०७३

नेपाल सरकारबाट आन्तरिक हवाई सेवाका लागि निर्धारित हवाई भाडा दरको सिमा भित्र रही वायुसेवा कम्पनीहरुबाट नियमित तथा चार्टर उडान गर्ने व्यवस्था मिलाउन र सो को अनुगमन गर्ने सम्बन्धमा नेपाल नागरिक उड्डयन प्राधिकरण, नागरिक उड्डयन नियमावली, २०५८ को नियम ५७घले गरेको व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ को दफा ३५ को अधिकार प्रयोग गरी प्राधिकरणले यो निर्देशिका बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम 'हवाई भाडा नियमन निर्देशिका, २०७३' रहेको छ ।

(२) यो निर्देशिका सञ्चालक समितिले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा -

(क) "हवाई भाडा" भन्नाले वायुयानबाट यात्रु तथा मालसामान ओसारपसार गरे वापत वायुसेवा कम्पनीले लिन पाउने नेपाल सरकारद्वारा निर्धारित शुल्कलाई सम्झनुपर्दछ ।

(ख) "इन्धन अधिशुल्क" भन्नाले वायुसेवा कम्पनीले हवाई भाडासँगै यात्रुसँग लिने हवाई इन्धन वापतको थप शुल्कलाई सम्झनुपर्दछ ।

(ग) "यात्रु सेवा शुल्क" भन्नाले यात्रुले नेपाल नागरिक उड्डयन प्राधिकरण, विमानस्थल सेवा तथा सुविधा शुल्क नियमावली, २०६७ बमोजिम हवाई टिकटमा समावेश गरिएको प्राधिकरणलाई बुझाउनुपर्ने शुल्कलाई सम्झनुपर्दछ ।

(घ) "कुल हवाई भाडा" भन्नाले हवाई भाडामा इन्धन अधिशुल्क र यात्रु सेवा शुल्क समेत जोडी एकमुष्ट रुपमा हवाई यात्रुबाट वायुसेवाले लिने शुल्कलाई सम्झनुपर्दछ ।

(ङ) "प्राधिकरण" भन्नाले नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ बमोजिम स्थापित नेपाल नागरिक उड्डयन प्राधिकरण सम्झनुपर्दछ ।

(च) "महानिर्देशक" भन्नाले नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशकलाई सम्झनुपर्दछ ।

परिच्छेद-२

## हवाई भाडा दर निर्धारण

३. **वायुसेवाबाट हुने हवाई भाडा निर्धारण सम्बन्धी व्यवस्थाः**(१) नेपाल सरकारले लागू गरेको हवाई भाडाको न्यूनतम सिमा (Lower Limit) र उच्चतम सिमा(Upper Limit)भित्र रही नियमित सेवा संचालन गर्ने वायुसेवा कम्पनीहरुले हवाई भाडा दर निर्धारण गर्नुपर्नेछ ।

(२) वायुसेवा कम्पनीहरुले आफ्नो व्यावसायिक रणनीति बमोजिम उपदफा (१) बमोजिमको भाडा दरलाई विभिन्न बर्गमा बर्गिकरण गरी भाडा दर निर्धारण गर्न सक्नेछन् ।

(३) उपदफा (२) बमोजिम हवाई भाडा बर्गिकरण गर्दा वायुसेवा कम्पनीले निर्धारण गर्ने सबैभन्दा सस्तो बर्गको हवाई भाडा दर नेपाल सरकारबाट निर्धारित हवाई भाडाको न्यूनतम सिमाको५० प्रतिशत भन्दा कम हुन हुँदैन ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि दशैं तिहार जस्ता ठूला चाडपर्वको अवसरमा वा विशेष परिस्थितीमा एकतर्फी यात्रु मात्र पाइने अवस्था रहेमा वायुसेवा कम्पनीले विशेष छुटमा हवाई भाडा निर्धारण गर्न सक्नेछन् ।

४. **हवाई भाडा दर पेश गर्नुपर्नेः** (१)वायुसेवा कम्पनीले प्राधिकरणमा उडान तालिका स्विकृतीका लागि पेश गर्दा आफ्नो हवाई भाडा दर समेत अनिवार्य रुपमा प्रस्तुत गर्नुपर्ने छ ।

(२) हवाई इन्धनको मूल्यमा फेरबदल हुने अवस्थामा नेपाल सरकारबाट निर्धारित सूत्र (Formula) बमोजिम वायुसेवा कम्पनीले इन्धन अधिशुल्क निर्धारण गरी लागू गर्न सक्नेछन् । यसरी निर्धारण भएको इन्धन अधिशुल्क सर्वसाधारणको जानकारीको लागि सार्वजनिक गर्नुपर्नेछ ।

५. **निर्धारित दरभन्दा बढी भाडा असुल गर्न नहुनेः** (१) वायुसेवा कम्पनीले निर्धारित हवाई भाडा दरभन्दा बढी भाडा असुल उपर गर्नु गराउनु हुँदैन ।

(२) वायुसेवा कम्पनीले आफ्नो टिकट काट्ने ट्राभल एजेन्सी वा टिकट विकेता उपर कडाइका साथ निगरानी राखी निर्धारित हवाई भाडादर भन्दा बढी भाडा असुल उपर नहुने व्यवस्था मिलाउनुपर्नेछ ।

(३) कुनै ट्राभल एजेन्सी वा विकेताले निर्धारित हवाई भाडा दर भन्दा बढी भाडा असुल गरेको पाइएमा वायुसेवा कम्पनीले त्यस्तो ट्राभल एजेन्सी वा विकेतासँग टिकट विक्रीको सम्झौता रद्द गरी प्रचलित कानून बमोजिम कारवाही अगाडि बढाउनुपर्नेछ ।

परिच्छेद-३

## उडान रद्द सम्बन्धी व्यवस्था

६. **वायुसेवाबाट गरिने उडान रद्द:**(१) वायुसेवा कम्पनीले कुनै पनि कारणले कुनै बृत्तखण्डको उडान रद्द गर्नु परेमा यात्रुलाई आफ्नै कम्पनीको वा अन्य कम्पनीको सोही बृत्तखण्डको उडानमा संभव भएसम्म यात्रा गर्ने प्रबन्ध मिलाउनुपर्ने छ ।

(२)उपदफा (१) बमोजिम कुनै यात्रुले यात्रा गर्न नचाहेमा कुल हवाई भाडा वापतको रकम यात्रुलाई फिर्ता गर्नुपर्नेछ ।

७. **यात्रुबाट हुने उडान रद्द:** (१) यात्रुले स्वयम् उडान रद्द गरेमा नेपाल सरकारबाट निर्धारित हवाई भाडा दर सम्मको हवाई टिकटको हकमा कुल हवाई भाडाबाट उडान रद्द गरे वापतको शुल्क(Cancellation Charge)कट्टी गरी कम्पनीको Refund Policyअनुसार बाँकी रकम सम्बन्धित यात्रुलाई फिर्ता गर्नुपर्नेछ ।

(२) कुनै यात्रु उडानको समय भन्दा एक घण्टा पूर्व सम्म पनि विमानस्थलको टिकट काउण्टरमा सम्पर्क राख्न नआएमा वायुसेवा कम्पनीले निजलाई अनुपस्थित (No show)मानी हवाई भाडा फिर्ता दिन बाध्य हुने छैन तर निजलाई यात्रु सेवा शुल्क वापतको रकम भने फिर्ता गर्नुपर्नेछ ।

(३)दफा ३ को उपदफा (३) बमोजिमको हवाई टिकटको हकमा कुनै यात्रुले उडान रद्द गरेमा वायुसेवा कम्पनी त्यस्तो टिकटको हवाई भाडा फिर्ता गर्न बाध्य हुने छैन तर उडान मिति र समय परिवर्तन वायुसेवा कम्पनीको नियमानुसार गर्न पाइनेछ ।

(४) उपदफा (२) बमोजिमको यात्रु सेवा शुल्कको रकम एक बर्ष भित्र यात्रुले फिर्ता नलगेमा त्यस्तो रकम वायुसेवा कम्पनीले प्राधिकरणद्वाराको तोकिएको खातामा जम्मा गर्नुपर्नेछ र उक्त रकम प्राधिकरणले उडान सुरक्षा सचेतना तथा विमानस्थलमा यात्रु सेवा सुविधाको कार्यमा खर्च गर्न सक्नेछ ।

**परिच्छेद-४**

## हवाई भाडा सार्वजनिक गर्ने व्यवस्था

८. **हवाई भाडासार्वजनिक गर्नुपर्ने:** (१) वायुसेवा कम्पनीले आफ्नो टिकटमा हवाई भाडा फिर्ता नहुने बर्गको टिकटको हकमा यात्रुसेवा शुल्क फिर्ता हुने जानकारी प्रकाशित गर्नुपर्नेछ ।

(२) वायुसेवा कम्पनीले ट्राभल एजेन्सी वा टिकट विक्रेता मार्फत समेत हवाई टिकट र सोको रद्द हुने अवस्थाका सम्बन्धमा यात्रुलाई जानकारी गराउने व्यवस्था मिलाउनुपर्नेछ ।

(३) वायुसेवा कम्पनीले हवाई भाडाको बर्गिकरण, टिकट रद्द सम्बन्धी विस्तृत विवरण तथा यात्रुलाई दिनुपर्ने अन्य जानकारी वेवसाइट मार्फत सार्वजनिक गर्नुपर्नेछ ।

## परिच्छेद-५
## चार्टर भाडा

९. **यात्रु चार्टर भाडाः**(१)वायुसेवा कम्पनीले स्थानीय यात्रु चार्टर उडान गर्नुपरेमा नेपाल सरकारबाँट स्विकृत यात्रु हवाई भाडा दरको दुई गुणा भन्दा बढी भाडा असुल उपर गर्नु गराउनु हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै व्यक्ति विशेष वा संस्था वा समुह विशेषले विशेष प्रयोजनका लागि वायुयान चार्टर लिने अवस्थामा वायुसेवाले आपसी समझदारीमा चार्टर भाडा निर्धारण गर्न सक्नेछ ।

१०. **हेलिकप्टर चार्टर भाडाः**हेलिकप्टरबाट हुने यात्रु वा कार्गो चार्टर वा अन्य चार्टर उडानका लागि नेपाल सरकारबाट निर्धारित भाडा दर भन्दा बढी भाडा असुल उपर गर्नु गराउनु हुँदैन ।

## परिच्छेद-६
## विविध

११. **सजाय हुनेः** (१) कुनै वायुसेवा कम्पनीले यस निर्देशिकामा गरिएको व्यवस्थाको उल्लंघन गरेको पाइएमा नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ को दफा २५ (४) बमोजिमको सजाय गरिने छ ।

(२) कुनै वायुसेवा कम्पनीले यस निर्देशिकामा गरिएको व्यवस्थाको पटक पटक उल्लंघन गरेको पाइएमा महानिर्देशकले त्यस्तो कम्पनीको उडान रोक्का गर्ने सम्मको कारवाही गर्न सक्नेछ ।

१२. **निर्देशिकाको व्याख्या र बाधा अड्काउ फुकाउने अधिकार :** (१) यस निर्देशिका कार्यान्वयनको क्रममा कुनै द्विविधा उत्पन्न भएमा सोको व्याख्या गर्ने अधिकार महानिर्देशकलाई हुनेछ । महानिर्देशकले गरेको व्याख्या अन्तिम हुनेछ ।

(२) यस निर्देशिका बमोजिम कार्य सम्पादन गर्दा कुनै बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार महानिर्देशकलाई हुनेछ ।

१३. **निर्देशिका संशोधन :** यस निर्देशिकामा कुनै संशोधन गर्नु पर्ने भएमा सोको संशोधन सञ्चालक समितिले गर्नेछ ।

१४. **बाझिएमा निष्कृय हुने :** यस निर्देशिकामा उल्लिखित प्रावधानहरू नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ तथा सो अन्तर्गत बनेका नियमहरुसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

❖